puspas.com.np

# पाठ २

# सन्तुष्टि

भरतराज पन्त

**शब्दार्थ**

| | | |
|---|---|---|
| टम्म | : | ठिक्क मिल्ने गरी, अघाउन्जेल |
| गम्म | : | कुनै वस्तु पुरा भरिएको अवस्था , टम्म |
| प्रशस्त | : | पर्याप्त, यथेष्ट |
| ओत्न | : | घाम, पानी आदिबाट जोगाउने गरी छोप्न |
| मग्नमस्त | : | कुनै विषय वा चिन्तनमा डुबेको, तल्लीन, सुखले मात्तिएको |
| स्वावलम्बी | : | आफ्नो क्षमता वा पौरखमा भर पर्ने, आत्मनिर्भर |
| सीमा | : | सिमाना, साँध |
| विलास | : | सुख, सयल, मोज, मज्जा |
| मिजास | : | राम्रो बानी, वचन, शिष्टाचार |
| इलमी | : | रोजगारमा लागेको, व्यवसायी, उद्यमी |
| सञ्चिता | : | जोगाउने काम, सुरक्षा |
| चैन | : | आनन्द, सुख, सुविधा |
| लाञ्छना | : | दोष, निन्दा |
| सुगन्ध | : | मिठो बास्ना, सुवास |
| मर्म | : | आन्तरिक रहस्य |
| ममता | : | मेरो भन्ने भावना, आत्मीयता, माया, स्नेह |
| दुर्गन्ध | : | सडे गलेका वस्तुबाट आउने खराब गन्ध, नाकले सहन नसक्ने गन्ध |
| मर्म | : | आन्तरिक रहस्य |
| तन | : | शरीर |
| जनार्दन | : | भगवान्, ईश्वर |
| मोचन | : | बन्धनबाट छुटाउने वा मुक्त गर्ने काम |
| फगत | : | खालि, केवल, मात्र |
| स्रष्टा | : | सृष्टिकर्ता, ब्रह्मा |

puspas.com.np

## अभ्यास

पेज ११

### सुनाइ

१. **पाठको पहिलो र दोस्रो श्लोक सुन्नुहोस् र कविको विचारसँग तपाईंको के-के कुरामा सहमति छ, भन्नुहोस् ।**

उत्तर: कक्षामा शिक्षकबाट पहिलो र दोस्रो श्लोक सुनेपछि आफ्नो कुन-कुन कुरामा सहमति छ भन्ने, जस्तै: मानिसले एक पेट खाने हो र त्यसैमा टम्म हुने अनि एक जोर लाउन पाउँदा गम्म हुने कविको विचारसँग मेरो सहमति छ । असन्तोषीहरू यी कुरामा सन्तुष्ट नहुनु स्वाभाविक हो । म एक पेट खान र एक जोर लाउन पाए कवि जस्तै सन्तुष्ट हुन सक्छु ।

२. **पाठको पाचौं र छैटौं श्लोक सुन्नुहोस् र कविमा कस्ता-कस्ता बानी छैनन्, भन्नुहोस् ।**

उत्तर: कविमा घुस खाने र अन्याय गरी धनसम्पत्ति बटुली धनी हुने अनि आँखा छलेर परीक्षा पास गरी इलमी हुने, नखाई धनसम्पत्ति सञ्चित गर्ने जस्ता बानी छैनन् ।

३. **पाठका आठौं, नवौं र दसौं श्लोकको श्रुति लेखन गर्नुहोस् ।**

उत्तर: पाठका आठौं, नवौं र दसौं श्लोक शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्ने ।

### बोलाइ

४. **तलका शब्दहरूको ठिक उच्चारण गर्नुहोस् र उदाहरणमा देखाए जस्तै गरी उच्चारण लेख्नुहोस्**

**जस्तै : टम्म :/टम्. म. /. गम्म :/ गम्. म./**

**मग्न, विलास, मिजास, इलमी, सञ्चिता, लाञ्छना, सुगन्ध, मर्म, ख्याल, फगत**

उत्तर:

| | |
|---|---|
| मग्न :/मग्. न./ | विलास :/ वि.लास्./ |
| मिजास :/ मि. जास्./ | इलमी :/ इ.ल.मि./ |
| सञ्चिता :/सन्.चि.ता./ | लाञ्छना :/ लान्. छ.ना./ |
| सुगन्ध :/ सु.गन्.ध./ | मर्म :/ मर्.म./ |
| ख्याल :/ ख्याल्./ | फगत :/ फ.गत्./ |

५. **तलका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् :**

**मस्त, सीमा, लाञ्छना, सुगन्ध, दुर्गन्ध, जनार्दन, मोचन**

उत्तर: मस्त - आज राति म मस्तसँग निदाएँ ।

सीमा - हामीले आफ्नो सीमा कहिल्यै उल्लङ्घन गर्नु हुन्न ।

लाञ्छना - निर्दोष उमेशमाथि भ्रष्टाचारको लाञ्छना उसकै साथीले लगाए ।

सुगन्ध - बगैंचाबाट मिठो फूलको सुगन्ध हामी भएतिर आइरहेको छ ।

दुर्गन्ध - जहाँसुकै फोहोर फाल्नाले दुर्गन्ध फैलिन्छ ।

जनार्दन - नेपालका नेताले जनता जनार्दनलाई धेरै दु:ख दिएका छन् ।

मोचन - पूजापाठ गरे दु:ख मोचन हुन्छ भन्ने विश्वास नेपाली समाजमा रहेको छ ।

६. **कविताको १२ औं र १३ औं श्लोक वाचन गर्नुहोस् ।**

उत्तर: कक्षामा विद्यार्थीले पालैपालो कविताको १२ औं र १३ औं श्लोक वाचन गर्ने ।

puspas.com.np

७. **तपाईंका आफ्ना इच्छा के छन् ? सर्वप्रथम बुँदा बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

उत्तर: आफ्ना इच्छाका बारे विद्यार्थीले बुँदा टिप्ने र पालैपालो कक्षामा प्रस्तुत गर्ने ।

**बुँदाहरू**

(१) मिहिनेत गरी पढ्ने र ठुलो मान्छे हुने ।
(२) घरपरिवारमा मिलेर बस्ने ।
(३) समाजमा शान्ति सुव्यवस्था कायम गर्ने ।
(४) सुन्दर घर निर्माणका साथै सुन्दर परिवार र असल सन्तान जन्माउने ।
(५) नयाँ-नयाँ सिप र प्रविधिको विकास गरी समाजलाई समृद्ध बनाउने ।
(६) स्वावलम्बी बनी जीवन बिताउने ।
(७) देशलाई हानि नोक्सानी हुने कुनै प्रकारको काम नगर्ने र सबैको भलो चिताउने ।

**पढाइ**

८. **पाठको कविता पालैपालो गति, यति र लय हालेर वाचन गर्नुहोस् ।**

उत्तर: पाठको कविता विद्यार्थीले पालैपालो गति, यति र लय हाली वाचन गर्ने, वाचन गर्न नजाने शिक्षकको सहयोग लिने ।

९. **पाठ पढी तल सोधिएका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) **धनी हुनका लागि गरिने कुन काम कविलाई मन पर्दैन ?**
उत्तर: धनी हुनका लागि नखाई सञ्चित गर्ने काम कविलाई मन पर्दैन ।

(ख) **कस्तो मानिसलाई चैन हुँदैन ?**
उत्तर: लोभी मानिसलाई चैन हुँदैन ।

(ग) **के गर्ने मानिस पापी हो ?**
उत्तर: खाएर काम नगर्ने मानिस पापी हो ।

(घ) **कवि कसलाई डाँका भन्छन् ?**
उत्तर: कवि अर्काको भाग खोस्नेलाई डाँका भन्छन् ।

(ङ) **लाञ्छनाबाट बच्न के गर्नुपर्छ ?**
उत्तर: लाञ्छनाबाट बच्न आफ्नो भर आफैँ पर्नुपर्छ ।

१०. **लेखक कस्तो चिन्तन बोकेका व्यक्ति हुन् भन्ने कुरा अनुमान गर्नुभयो, पाठका आधारमा लेख्नुहोस् ।**

उत्तर: यस कविताको अध्ययनबाट लेखक एक असल र कर्तव्यपरायण व्यक्ति हुन् भन्ने मैले अनुमान गरेँ । उनी एक पेट खान र एक सरो लुगा जिउमा लगाउन पाएमा सन्तुष्ट हुन्छन् । त्यस्तै सुत्नलाई तीन हात जमिन र ओत्नलाई एउटा झुपडी भए मस्त बाँच्न पाएको अनुभूति गर्ने कवि स्वावलम्बी र जाँगरिलो जीवन जिउन चाहन्छन् । उनलाई न त विलासी जीवन बिताउने रहर छ न त मादक पदार्थ सेवन गर्ने बानी नै । त्यस्तै घुस खाने, अन्यायमा पारी धन थुपार्ने, आँखा छली परीक्षा उत्तीर्ण गरेर इलमी बन्ने चाहना पनि उनमा छैन ।

कवि साँच्चिकै निस्पृह छन् । उनी नखाई वा नलाई धनसम्पत्ति सञ्चित गर्न चाहन्नन् न त उनी लोभी नै छन् । कसैको बिनासिती खाएर पापी पनि उनलाई बन्नु परेको छैन । अर्काको भाग खोस्ने, सुखमा मात्तिने र दुःखमा आत्तिने बानी पनि उनमा छैन । आँखाले सही कुरा ठम्याउने, कानले सत्य कुरा सुन्ने र जिब्रोले सत्य बोल्ने बानी कविलाई मन पर्छ । झगडा नगर्ने, जनताको भलो चाहने र उपकारमा समर्पित हुने अनि जीवनलाई धन्य बनाउनु पर्छ, भनी वकालत गर्ने कवि आजको मानिसलाई कसरी असल बनाउन सकिन्छ भन्ने चिन्तन बोकेका व्यक्तिका रूपमा देखापर्छन् । यहाँ कवि स्वयम् असल चिन्तकका रूपमा देखिन्छन् । सारा परिवार तथा समाजलाई पनि असलै बाटो हिँडाउन चाहने व्यक्तिका रूपमा यस कवितामा उनी देखापर्छन् ।

puspas.com.np

**लेखाइ**

**११. कविताको ९ देखि १२ श्लोकबाट मुख्य-मुख्य बुँदा टिपी सार लेख्नुहोस् ।**

**उत्तर:** (क) हाम्रा दुइटा आँखाले दुवैतिर हेर्नुपर्ने,

(ख) हाम्रा दुइटा कानले दुवैतिर सुन्नुपर्ने,

(ग) नाकका दुई प्वालले सुगन्ध र दुर्गन्ध छुट्याउनुपर्ने,

(घ) जिब्रोले मर्म जानेर एकै कुरा खोल्नुपर्ने ।

जीवन भोगाइका क्रममा हामीले सधैँ सचेत भएर पाइला चाल्नुपर्छ । हाम्रा दुइटा आँखाले एकोहोरो नहेरी दुवैतिर हेर्नु बुद्धिमानी हुन्छ । त्यस्तै हाम्रा दुइटा कानले राम्रा नराम्रा दुवै कुरा सुन्ने बानी गर्नुपर्छ । नाकका दुइटा प्वालले सुगन्ध र दुर्गन्ध छुट्याउनु पर्ने र जिब्रोले मर्म कुरा जानेर सत्य कुरा मात्र बोल्नुपर्ने कुरा उत्तम मानिन्छ । हामीले जीवनमा यस्ता मार्मिक र सफलता प्रदान गर्ने कार्यको अनुशरण गऱ्यौँ भने कहिल्यै धोका खानु पर्दैन र हामीलाई सम्मानित जीवन जिउन पनि सजिलो हुन्छ ।

**१२. तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

**(क) कवि के-के कुरामा टम्म र गम्म हुन्छन् ?**

**उत्तर:** आफ्नो जीवनदेखि कवि सन्तुष्ट छन् । उनले एक पेट खान पाएका छन् । त्यसैमा उनी आफू टम्म भएको अनुभव गर्छन् । उनलाई भरे के खाने हो वा अर्को छाक कसरी टार्ने हो भन्ने कुनै चिन्ता छैन । त्यस्तै आफ्नो शरीरमा एकजोर लुगा लाउन पाएकोमा पनि कवि सन्तुष्ट देखिन्छन् । उनलाई नानाथरीका लुगा लगाउने सोख छैन । एकजोर लुगा लगाएर आफ्नो आङ छोप्न पाए उनी गम्म पर्छन् । यसरी कवि एक पेट खान र एकजोर लाउन पाए टम्म र गम्म हुन्छन् ।

**(ख) "सीमा विलासको छैन" भनाइको तात्पर्य के हो ?**

**उत्तर:** अनेक दु:खकष्ट पार गर्दै मानिस आजको सुविधा सम्पन्न युगमा आइपुगेको छ । मानिसले आफ्ना जीवनमा चाहिने यावत् कुराहरू सञ्चित गरे पनि ऊ सन्तुष्ट देखिन्न । उसको असन्तुष्टिको कारण उसभित्र रहेको विलासिताको चाहना नै हो । विलासिताको मृगतृष्णा बोकेर हिँड्ने मानिसले त्यसलाई पूर्ण रूपमा कहिल्यै प्राप्त गर्न सक्दैन । आज एउटा उपलब्धि भए भोलि अर्को अनि पर्सि अर्कै उपलब्धि गर्ने चाहना मानिसका मनमा पलाउँदै जान्छन् । त्यस्ता उपलब्धिबाट विलासी जीवन जिउन सकिन्छ भन्ने भ्रममा मानिस परेको हुन्छ । अत: जति प्राप्त गरे पनि मानिस सन्तुष्ट हुँदैन भन्नु नै 'सीमा' विलासको छैन भनाइको तात्पर्य हो ।

**(ग) कस्तो बानी भएको मानिसलाई मिजासिलो भनिन्छ ?**

**उत्तर:** असल मिजास भएको, बोलीचाली वा बानीबेहोरा राम्रो भएको मानिसलाई मिजासिलो भनिन्छ । असल मानिसले आफ्ना साथीहरू वा इष्टमित्रसँग कहिल्यै नराम्रो व्यवहार गर्दैन । वचन बिझ्ने बोली बोल्दैन । आफ्ना कुरा खुलस्त र स्पष्टसँग राख्छ र सबैसँग मित्रवत् व्यवहार गर्छ । यस्तो खुलस्त मानिसका मनमा पापको लेस मात्र पनि हुन्न । यसले गर्दा उसले जीवनमा कहिल्यै पछुताउनु पर्दैन । पछुताउनु पर्ने अवस्था खराब आचरणका कारण आउने गर्छ । त्यस्तो अवस्था मिजासिलो व्यक्तिका जीवनमा कहिल्यै आउँदैन । अत: असल, स्पष्ट वक्ता र सबैसँग खुलस्त भएर व्यवहार गर्ने मानिसलाई मिजासिलो भनिन्छ ।

puspas.com.np

(घ) **'दुवैतिर हेर्नुपर्छ' भन्नुको आशय के हो ?**

**उत्तर:** प्राय: मानिस एकोहोरो सोचाइका हुन्छन् । आफ्नो ब्रह्मले जे देख्यो त्यसलाई सत्य ठानेर अघि बढ्ने बानी बेहोरा मानिसको हुन्छ । यस्तो एकोहोरो प्रवृत्तिले मानिसको जीवन सफल हुन सक्दैन । दायाँ बायाँ हेर्नै वा असल खराब छुट्याउने र अघि बढ्ने बानीले मात्र मानिस लक्ष्यमा पुग्न सक्छ । आफ्नै मात्र कुरा सही हो र अरूको कुरा केही होइन भन्नु गलत हो । जीवन गतिका क्रममा दुवै आँखाले नियालेर सत्य तथ्य पत्ता लगाई पाइला चाल्नु नै उत्तम हुन्छ भन्नु दुवैतिर हेर्नुपर्छ भन्नुको आशय हो ।

(ङ) **नाक, जिब्रो, हात र पाउका काम के-के हुन् ?**

**उत्तर:** प्रकृतिले हाम्रा इन्द्रियलाई फरक-फरक कामका लागि निर्धारित गरिदिएको छ । यिनले तोकिएअनुसार काम सम्पादन गर्छन् । नाकले सुगन्ध र दुर्गन्ध चिन्ने काम गर्छ भने जिब्रोले मर्म बुझेर ख्याल गरी एकै कुरा बोल्छ र बोल्नु उत्तम मानिन्छ । त्यस्तै हात र पाउले सही कुरा पत्ता लगाई काम गर्ने हो । जथाभावी हात खुट्टाले काम गरेमा त्यसको प्रतिफल राम्रो हुन्न । अत: नाकले सुगन्ध र दुर्गन्ध, जिब्राले ख्याल गरी एकै कुरा बोल्ने र हात तथा पाउले ठिक कुरा पत्ता लगाई काम गर्नु नै यी अङ्गका मुख्य काम हुन् ।

१३. **सन्तुष्ट हुन के-के गर्नुपर्दो रहेछ ? कविताका आधारमा लेख्नुहोस् ।**

**उत्तर:** सन्तुष्ट हुन धेरै लालची हुनुहुन्न । आफूलाई उपयोग गर्न पुगे त्यसैमा रमाउन सक्नुपर्छ । एकपेट खान र एकसरो आँङ ढाक्ने कपडा भए त्यसैमा सन्तुष्ट हुनुपर्छ । सुत्नका लागि तीन हात जमिन र ओत्नका लागि झुपडी भए पुग्छ । स्वावलम्बी बन्ने र विलासको लालसा त्यागिदिने काम पनि गर्नुपर्छ । अरूसँग मिजासिलो व्यवहार गर्ने तथा अनैतिक रूपमा धन आर्जन नगर्ने र मिहिनेत गरी इलमी बन्नेतिर लाग्नुपर्छ । नखाई धनसम्पत्ति सञ्चित गर्ने र लोभी नबन्ने, अर्काको भाग नखोस्ने, श्रमको फल मात्र खाने, आफ्नो भर आफैँ पर्ने, दु:खमा नआत्तिने र सुखमा नमात्तिने हो भने सन्तुष्ट हुन सकिँदो रहेछ । यसरी कविताका आधारमा हेर्दा जीवनमा सन्तुष्ट हुन मानिसले यस्ता थुप्रै व्यावहारिक कुराहरू गर्नुपर्दो रहेछ ।

१४. **व्याख्या गर्नुहोस् :**

(क) **नआओस् आत्तिने दु:ख मात्तिने धन सम्पत्ति**
**यतिले राम्ररी चल्छ सारा जीवनको गति ।**

**उत्तर:** जीवनमा मानिसले सोचेजस्तो कहिल्यै हुन्न । मानिसका जीवनमा सुख मात्र होइन, दु:ख पनि आइलाग्छ । त्यसैले जीवन भनेकै सुखदु:खको सम्मिश्रण हो भन्ने गरिन्छ । जीवनको यही वास्तविकतालाई माथिका पङ्क्तिमा उल्लेख गरिएको छ ।

कविका अनुसार जीवनमा आत्तिने दु:ख कहिल्यै नआओस् । कुनै दु:ख आए पनि आत्तिनु हुन्न र त्यसलाई धैर्यताका साथ समाधान गर्दै लैजानु पर्छ । त्यस्तै कवि जीवनमा मात्तिने धन सम्पत्ति पनि नआओस् भन्ने चाहन्छन् । मानिसलाई धन सम्पत्तिले अन्धो बनाउँछ । धन सम्पत्ति धेरै भएमा मानिस अनैतिक काम गर्न प्रवृत्त हुन सक्छ । त्यसले मान्छेलाई सम्मानित जीवन होइन, अपमानित भएर बाँच्न बाध्य बनाउँछ । त्यसैले कवि मात्तिने धन सम्पत्ति पनि नआओस् भन्ने चाहन्छन् । जीवनको गति सामान्य अवस्थामा चलेझैँ आफ्नो पनि त्यही रूपमा चलोस् भन्ने कविको इच्छा रहेको छ ।

निश्चित रूपमा मानिस दु:ख आइलाग्दा स्वभावैले आत्तिने गर्छ । त्यस्तै सोचेभन्दा बढी धन सम्पत्ति आएमा पनि ऊ मात्तिने गर्छ । यस्ता दुवै कुरा जीवनमा नआऊन् र जीवन सहज रूपमा चलिरहोस् भन्ने कविको सरल तर महत्त्वपूर्ण चाहना उक्त पङ्क्तिमा व्यक्त गरिएको छ ।

puspas.com.np

(ख) **पृथिवी तल नै स्वर्ग जनता नै जनार्दन**
**उपकार सदा पूजा फल हो दु:ख मोचन ।**

**उत्तर:** मानिसका लागि पृथ्वी नै स्वर्ग हो । उसले यही धर्तीमा स्वर्गीय आनन्द प्राप्त गर्दछ । असल काम, उपकारमा प्रवृत्त हुनु दु:खबाट मुक्तिको चाहना राखी जीवनमा अघि बढ्नु आवश्यक छ भन्ने विचारलाई माथिका पङ्क्तिमा प्रस्तुत गरिएको छ ।

मानिसले आनन्द प्राप्त गर्न अर्को कुनै पृथ्वीको कल्पना गर्नु पर्दैन । मानिसले यही धर्तीमै आनन्द प्राप्त गर्न सक्छ र उसले चाहेको परम स्वर्गीय सन्तुष्टि उपभोग गर्नबाट कसैले रोक्न सक्दैन । धर्तीमा बस्ने जनता नै जनार्दन वा ईश्वर हुन् । कविका अनुसार ईश्वर नै जनता हुन् । उनीहरूमा असलपनको पहिचान गर्न सक्नुपर्छ । यस्तो रहस्यमय कुरा बुझेर सदा उपकारमा लाग्ने र पूजाआराधना गर्ने हो भने मानिसले दु:खबाट मुक्ति पाउँछ । त्यसैले मानिसले असल कर्मबाट मुक्तिको फल प्राप्त गर्ने बाटो रोज्नु आवश्यक छ ।

हाम्रो यो धर्ती र यस धर्तीमा बस्ने मानव आफैँमा महान् हुन्छन् । यिनको महत्त्व र गरिमालाई मनन गरी अघि बढ्न सक्ने र तदनुरूपको व्यवहार र आचरण गरे मानिसले कहिल्यै दु:खी हुनु पर्दैन भन्ने आशयलाई कविले माथिका पङ्क्तिमा प्रस्तुत गरेका छन् ।

**१५. 'लैङ्गिक समानता' शीर्षकमा एउटा अनुच्छेद रचना गर्नुहोस् ।**

**उत्तर:**

**लैङ्गिक समानता**

स्त्री र पुरुषका बिच कुनै प्रकारको विभेद वा असमानता नरहेको अवस्थालाई लैङ्गिक समानता भनिन्छ । स्त्री र पुरुषका बिच सुझबुझ, त्याग र सहकार्यको संस्कृति समाजमा कायम गर्नु र दुवैलाई विनाभेदभाव हरेक क्षेत्रमा समान अवसर प्रदान गर्ने वातावरण सिर्जना गर्न सकेका खण्डमा घर परिवार, समाज र राष्ट्रको समुन्नति हुने कुरामा दुई मत छैन् । आजको विकसित युगमा आइपुग्दा समेत कतिओटा देशमा स्त्री र पुरुषका बिच ठुलो विभेद गर्ने गरेको पाइन्छ । यसले गर्दा हिंसाका घटनाहरू प्रशस्त घट्ने गरेका छन् । हरेक गतिविधिमा पुरुषहरूको एकछत्र उपस्थिति हुँदा महिलाहरूले आफूलाई कमजोर ठान्ने र कुनै पनि नेतृत्व तहमा आउन नसक्ने अवस्था सिर्जना हुन्छ । प्रशासन, राजनीति, उद्योग, कलकारखाना, राष्ट्रसेवा आदि अनेकौँ क्षेत्रमा पुरुषहरूको मात्र अस्तित्व रहनु युगीन विशेषता नै बनेको छ । यति मात्र होइन, धर्म, संस्कृति, रीतिरिवाज र परम्परामा पनि पुरुष प्रधान मानसिकता हाबी भएका कारण समाजमा धेरै समस्या देखिने गरेका छन् । यस्ता समस्याहरूको समयमै कानुनी उपचार गरी व्यवहारमा उतार्न सके हामीले कल्पना गरेको भविष्य सुनिश्चित हुन्छ । साँच्चै भन्ने हो भने लैङ्गिक समानताविना अबका दिनमा समाजको गति नै अघि बढ्न नसक्ने निश्चित छ ।

**१६. 'मेरा सपनाहरू' भन्ने शीर्षकमा सर्वप्रथम बुँदाहरू टिपोट गर्नुहोस् । ती बुँदालाई निबन्धका रूपमा लेख्नुहोस् ।**

**उत्तर:**

**बुँदाहरू**

(क) मेरा सपना थुप्रै रहेका र तिनले नेपालको रमणीय सुदूर भविष्यको चित्र कोरेका ।

(ख) मेरा सपनामा नेपालमा विकासको राजनीति प्रमुख रूपमा हुने ।

(ग) मेरा सपनाले नेपालमा शिक्षाको ज्योति फैलाउने रहेको ।

(घ) मेरा सपनाले भविष्यमा वीर वीराङ्गनाले जन्म लिने ।

(ङ) मेरा सपनामा भविष्यमा श्रम सम्मान हुने, प्रशासन र राज्यव्यवस्था चुस्तदुरुस्त हुने ।

(च) मेरा सपनामा नेपाल भविष्यमा आत्मनिर्भर हुने ।

pusbas.com.np

हरेक मानिसका आ-आफ्नै प्रकारका सपना हुन्छन् । मेरा पनि आफ्नै प्रकारका सपनाहरू छन् । मेरा सपनाहरूले नेपालको सुदूर भविष्यको रमणीय र सुन्दर तथा समृद्ध चित्र कोर्ने काम गरेका छन् । मेरा सपनाहरू साकार भएका खण्डमा नेपालको सुदूर भविष्य सुन्दर, शान्त र समृद्ध बन्ने कुरामा कसैको दुई मत रहन्न ।

देशको राजनीतिले हरेक कुरालाई प्रभावित पार्ने गर्छ । अतः मेरो सपनाको नेपालमा विकासका लागि राजनीति हुनेछ । राजनीतिक विसङ्गति र विकृतिहरूलाई डाँडो कटाइनेछ । गणतन्त्र बाँदरका हातमा नरिवल जस्तो हुन दिइने छैन । जनताको आस्था र विश्वास जितेर निर्वाचित प्रतिनिधिहरू व्यक्तिगत चिन्तन अनि सोचको गर्तबाट माथि उठेर स्वच्छ राजनीति र राष्ट्रिय विकासका अभियानमा लाग्ने छन् । असल कामको सम्मान र खराब कामका लागि कडा सजायको व्यवस्था हुनेछ । त्यसैले मेरा सपनाको नेपालमा एउटा स्वच्छ, पवित्र एवम् राष्ट्रिय हितका लागि विकासको राजनीति हुनेछ ।

भविष्यमा गएर नेपालले अशिक्षा र अज्ञानताको कुहिरोमा रुमल्लिनु नपर्ने मेरा सपनाहरू छन् । अधिकांश नेपालीहरूका घर आँगनमा चेतनाको मिर्मिरे झुल्किनेछ र सर्वत्र ज्ञानको ज्योति चम्किनेछ । प्राविधिक शिक्षाको आर्जनबाट राष्ट्रनिर्माणमा प्रशस्त टेवा पुग्ने वातावरण सिर्जना गरिनेछ । थोत्रा प्रमाणपत्रहरू बोकी रोजगारीको भिक्षा माग्ने वातावरणको अन्त्य गरिनेछ ।

आज मेरो देशले आफ्नै साख गुमाउँदै गएको छ । राष्ट्रियतामाथि पराइले धावा बोल्दा चुँ बोल्न नसक्ने वातावरणमा हामीहरू बाँच्न बाध्य भएका छौँ । मेरा सपनाको भविष्यमा वीर वीराङ्गनाले जन्म लिनेछन् र देशको साख जोगाउनेछन् । आज नेपालमा अनेक विभेद छन् । लैङ्गिक, वर्गीय, जातीय, क्षेत्रीय तथा भाषिक विभेदले मेरो देश आक्रान्त बनेको छ । मेरा सपनामा यी तमाम विभेदको अन्त्य हुनेछ र श्रमको सम्मान गर्ने परिपाटी विकसित हुनेछ । त्यस्तै राज्यको प्रशासन र व्यवस्था चुस्त, दुरुस्त हुनुका साथै जनताले न्याय पाएको अनुभूति गर्न पाउने छन् ।

मेरा सपनाहरू नेपालको भविष्यसँग जोडिएका छन् । सपना भन्नेबित्तिकै तिनमा काल्पनिकताको गन्ध आउने भए पनि तिनलाई साकार पार्न आफू मात्र होइन सारा नेपालीलाई परिचालित गर्नेछु र मेरा सपनाहरू साकार भई नेपाल साँच्चिकै सुन्दर, शान्त र समृद्ध बनेरै छाड्ने कुरामा म विश्वस्त छु ।

१७. **पाठबाट दीर्घ ईकार लागेका शब्दहरू टिप्नुहोस् ।**

उत्तर: पाठमा प्रयोग भएका दीर्घ ईकार लागेका शब्दहरू : पानी, झुपडी, स्वावलम्बी, सीता, समेटी, धनी, छली, परीक्षा, इलमी, नरखाई, लोभी, पापी, राम्ररी, जीवन, दुई, यी, पृथिवी ।

## व्याकरण

१. **तल 'पढ्' धातुबाट बनेका विभिन्न काल र पक्षका वाक्यहरू दिइएको छ । त्यसरी नै तपाईं पनि 'लेख्' 'बोल्' र 'सुन्' धातुबाट तीनओटै कालका सबै पक्षका वाक्यहरू बनाउनुहोस् :**

- **सहरमानले पढे । (सामान्य भूत) सहरमान पढ्दै थिए । (अपूर्ण भूत) सहरमानले पढेका थिए । (पूर्ण भूत) । सहरमान पढ्थे । (अभ्यस्त भूत) सहरमानले पढेछन् । (अज्ञात भूत)**
- **सहरमान पढ्छन् । (सामान्य वर्तमान) सहरमान पढ्दै छन् । (अपूर्ण वर्तमान) सहरमानले पढेका छन् । (पूर्ण वर्तमान)**
- **सहरमान पढ्ने छन् । (सामान्य भविष्यत्) सहरमान पढ्दै हुने छन् । (अपूर्ण भविष्यत्) सहरमानले पढेका हुने छन् । (पूर्ण भविष्यत्)**

puspas.com.np

**उत्तर:** १. लेख्- बुद्धिमानले लेखे । (सामान्य भूत) बुद्धिमान लेख्दै थिए । (अपूर्ण भूत) बुद्धिमानले लेखेका थिए । (पूर्ण भूत) बुद्धिमान लेख्थे । (अभ्यस्त भूत)
बुद्धिमानले लेखेछन् । (अज्ञात भूत)
बुद्धिमान लेख्छन् । (सामान्य वर्तमान) बुद्धिमान लेख्दै छन् । (अपूर्ण वर्तमान)
बद्धिमानले लेखेका छन् । (पूर्ण वर्तमान)
बुद्धिमान लेख्ने छन् । (सामान्य भविष्यत्) बुद्धिमान लेख्दै हुने छन् । (अपूर्ण भविष्यत्) बुद्धिमानले लेखेका हुने छन् । (पूर्ण भविष्यत्)

२. बोल् - दिनेश बोले । (सामान्य भूत) दिनेश बोल्दै थिए । (अपूर्ण भूत) दिनेशले बोलेका थिए । (पूर्ण भूत) दिनेश बोल्थे । (अभ्यस्त भूत) दिनेशले बोले छन् । (अज्ञात भूत)
दिनेश बोल्छन् । (सामान्य वर्तमान) दिनेश बोल्दै छन् । (अपूर्ण वर्तमान)
दिनेशले बोलेका छन् । पूर्ण वर्तमान)
दिनेश बोल्ने छन् । (सामान्य भविष्यत्) दिनेश बोल्दै हुने छन् । (अपूर्ण भविष्यत्) दिनेशले बोलेका हुने छन् । (पूर्ण भविष्यत्)

३. सुन् - सीताले समाचार सुनिन् । (सामान्य भूत) सीताले समाचार सुन्दै थिइन् । (अपूर्ण भूत) सीताले समाचार सुनेकी थिइन् । (पूर्ण भूत) सीता समाचार सुन्थिन् (अभ्यास्त भूत) सीताले समाचार सुनिछिन् । (अज्ञात भूत) सीता समाचार सुन्छिन् । (सामान्य वर्तमान) सीता समाचार सुन्दै छिन् । (अपूर्ण वर्तमान) सीताले समाचार सुनेकी छिन् । (पूर्ण वर्तमान)
सीता समाचार सुन्ने छिन् । (सामान्य भविष्यत्) सीता समाचार सुन्दै हुने छिन् । (अपूर्ण भविष्यत्) सीताले समाचार सुनेकी हुने छिन् । (पूर्ण भविष्यत्)

२. **तल 'बस्' धातुबाट बनेका विभिन्न लिङ्ग, वचन, पुरुष र आदरका वाक्यहरू दिइएको छ । त्यसरी नै 'गर्' 'हट्' र 'साट्' धातुबाट वाक्यहरू बनाउनुहोस् :**

- **वेदकुमार बस्छन्, (पुलिङ्ग) वन्दना बस्छिन् । (स्त्री लिङ्ग)**
- **रवि बस्छन् । बेनुसा बस्छिन् । (एक वचन) बेनुसा र मनिसा बस्छन् । (बहु वचन)**
- **म बस्छु । हामी बस्छौं । (प्रथम पुरुष)**
- **तिमी बस्छौ । तिमीहरू बस्छौ । तपाईं बस्नुहुन्छ । (द्वितीय पुरुष)**
- **ऊ बस्छ । ऊ बस्छे । उनीहरू बस्छन् । (तृतीय पुरुष)**
- **तँ बस्छस् । (अनादरवाची) तिमी बस्छौ । (सामान्य आदरार्थी) तपाईं बस्नुहुन्छ । (उच्च आदरार्थी)**

**उत्तर:** गर् - भरत काम गर्छन् । (पुलिङ्ग) सुमित्रा काम गर्छिन् । (स्त्रीलिङ्ग)
भीष्म काम गर्छन् । शैलजा काम गर्छिन् । (एकवचन)
उषा र निर्मला काम गर्छन् । (बहुवचन)
म काम गर्छु । हामी काम गर्छौं । (प्रथम पुरुष)
तिमी काम गर्छौ । तँ काम गर्छस् । तपाइँ काम गर्नुहुन्छ । (द्वितीय पुरुष)
ऊ काम गर्छ । ऊ काम गर्छे । उनीहरू काम गर्छन् । (तृतीय पुरुष)
तँ काम गर्छस् । (अनादरवाची) तिमी काम गर्छौ । (सामान्य आदरार्थी)
तपाईं काम गर्नुहुन्छ । (उच्च आदरार्थी)

puspas.com.np



३. **कोष्ठकमा दिएका धातु र सङ्केतका आधारमा वाक्य पुरा गर्नुहोस् :**

(क) **जगत् घर .... । (जा - सामान्य भूत, सामान्य वर्तमान र सामान्य भविष्यत्का अलग-अलग वाक्य)**

(ख) **रीता भात ... । (खा - अपूर्ण भूत, अपूर्ण वर्तमान र अपूर्ण भविष्यत् कालका अलग-अलग वाक्य)**

(ग) **घनश्याम पाठ .... । (पढ् - पूर्ण भूत, पूर्ण वर्तमान र पूर्ण भविष्यत्का अलग-अलग वाक्य)**

(घ) **सलीना गीत ... । (गाउ - अभ्यस्त भूत)**

(ङ) **सुलोचना कति बेला .... ? (आउ - अज्ञात भूत)**

**उत्तरः** (क) जगत् घर गए । (सामान्य भूत)

जगत् घर जान्छन् । (सामान्य वर्तमान)

जगत् घर जाने छन् । (सामान्य भविष्यत्)

(ख) रीता भात खाँदै थिइन् । (अपूर्ण भूत)

रीता भात खाँदै छिन् । (अपूर्ण वर्तमान)

रीता भात खाँदै हुने छिन् । (अपूर्ण भविष्यत्)

(ग) घनश्यामले पाठ पढेका थिए । (पूर्ण भूत)

घनश्यामले पाठ पढेका छन् । (पूर्ण वर्तमान)

घनश्यामले पाठ पढेका हुने छन् । (पूर्ण भविष्यत्)

(घ) सलीना गीत गाउँथिन् । (अभ्यस्त भूत)

(ङ) सुलोचना कति बेला आइछन् ? (अज्ञात भूत)

४. **खा, गर्, सुन्, हेर्, देख्, जा, बस्, कराउ, आउ जस्ता धातुको प्रयोग गरी कतै घुम्न जाँदाको वर्णन गर्नुहोस् ।**

**उत्तरः** ऐतिहासिक तथा धार्मिक स्थल लुम्बिनीको शैक्षिक भ्रमणमा निस्कनु अघि आमाले तयार पारिदिनु भएको नास्ता खाएँ । यात्रामा आवश्यक पर्ने सामान ठिकठाक गरेँ । घरनजिकै आएर हाम्रो विद्यालयको गाडीले दिएको आवाज सुनेँ । हत्तपत्त बसमा चढेर सबै साथीहरूलाई हेरेँ । यात्रामा गुरुगुरुआमा र मेरा कक्षाका सबै साथीलाई रमाइरहेको देखेँ । हाम्रो बस काठमाडौंबाट कतै नरोकिई नारायणगढ पुग्यो । एकरात हामी त्यहीँ बस्यौँ । बिहान उज्यालो नहुँदै बस ड्राइभरले छिटो तयार हुन सबैलाई कराए । लुम्बिनीको एकदिने भ्रमण सकी हामी दुई दिनमै घर आयौँ ।

५. **तलको अनुच्छेदमा प्रयोग भएका लेख्य चिह्न उत्तरपुस्तिकामा सार्नुहोस् र यहाँ प्रयोग भएबाहेक अरू लेख्य चिह्नहरू कुन-कुन हुन्, छलफल गर्नुहोस् :**

*नेपालमा चाडपर्वहरू पनि कति हो कति । नयाँ वर्षदेखि हेर्दै जाँदा बुद्ध जयन्ती, उँभौली, साकेला, जनै पूर्णिमा, लाखे जात्रा, गाईजात्रा, तिज, दसैँ, तिहार, छठ, उँधौली, इद, ल्होसार, क्रिसमस, माघी, फागु आदि सयौँ चाडपर्वको सूची बन्छ । जुनसुकै जातिका चाड पर्व हुन्; हामी सबै नेपालीहरू रमाउँछौँ, आपसमा शुभ कामना बाँड्छौँ । चाडपर्वहरूमा मात्र हो र ? काममा, श्रममा पनि हामी उत्तिकै रमाउँछौँ, खुसी हुन्छौँ । लेकबेँसी गर्दा होस्, घाँस दाउरा गर्दा होस् अथवा अरूको मेलापातमा होस्, हामी उत्तिकै रमाउँछौँ । धान रोप्दा होस्, कोदो रोप्दा होस्, धान कोदो गोड्दा होस् अथवा जुनसुकै बाली भित्र्याउँदा होस्, हामी रमाइरहेका हुन्छौँ । जुनेली रातमा*

pushpa.com.np

बेंसीबाट पराल बोक्दा र कोदाको नरुवा काट्दाका रमाइला क्षणको वर्णन गरी साध्य छैन । पालैपालो कहिले कसको कहिले कसको धान, पराल, दाउरा आदि बोक्दा क्या आनन्द हुन्छ ! गीत गाउँदै, ख्याल ठट्टा गर्दै, जिस्किँदै अनि कथा र किस्साहरू सुनाउँदै, हाँस्दै र हँसाउँदै काम गर्दा साँच्चै रमाइलो हुन्छ । यसरी काम गर्दा पनि यस्तो आनन्द लिन सक्ने नेपालीबाहेक अरू को होलान् र ?

**उत्तर:** (!) उद्गार चिह्न (,) अल्पविराम (।) पूर्ण विराम) (;) अर्धविराम (?) प्रश्न वाचक

यस गद्यांशमा प्रयोग गरिएका बाहेक निम्नलिखित चिह्नरू प्रयोग गरिन्छन् :

(१) सापेक्ष विराम (:), (ख) निर्देशक (:-/-) (३) कोष्ठक () (४) योजक (-) (५) उद्धरण (' ' शब्द विशेष वा कुनै कुरालाई जोड दिँदा) (" "कसैको भनाइ जस्ताको तस्तै उद्धहरण गर्दा ) (६) तिर्यक् (/) (७) विसर्ग (:) यी चिह्नरूका बारेमा कक्षामा छलफल गरी स्पष्ट हुने ।

**६. कविताबाट शब्दको सुरुमा ह्रस्व इकार हुने शब्दहरू टिप्नुहोस् :**

**उत्तर:** तिन, विलास, गिलास, मित्रता, मिजास, इलमी, तिर, चिनोस्, जिभ्रो, निस्कोस्, सिर्जना, भित्र

## सिर्जनात्मक अभ्यास — पेज १४

**१. पाठमा दिइएको कविताका ढाँचा (अनुष्टुप छन्द) मा आफूलाई मन पर्ने विषयमा पाँच श्लोकको कविता लेख्नुहोस् ।**

**उत्तर:** **रिस**

रिस भित्र लुकी हिँड्छ देखिन्न कहिल्यै पनि
जब बाहिर निस्कन्छ बिगार्छ जहिल्यै पनि ।

ठुला मानिस हुन् साना सबैमा वास बस्दछ
दबाई राख्छ ठुलाले सानाले पनि राख्दछ ।

रिस उठ्दा जति बोल्यो त्यति नै तीव्र बन्दछ
चूप लागे केही बेरमै त्यसले गति रोक्दछ ।

खेलौना र चिचि पापा नभेट्दा रुन्छ बालक
तातो मीठो नपाउँदामा जङ्गिन्छ वृद्धबालक ।

अर्काको उन्नति देख्दा रिस गर्दछ मानिस
यस्तो खराब बानीले तब नासिन्छ मानिस ।

**२. लैङ्गिक भूमिका र समताका बारेमा तीन अनुच्छेद लेख्नुहोस् ।**

**उत्तर:** 'लैङ्गिक' विशेषण पदले नारी र पुरुष सम्बन्धी भन्ने अर्थ बुझाउँछ भने 'भूमिका' नाम पदले नारी र पुरुषले गरेको वा गर्न सक्ने कार्य भन्ने बुझिन्छ । नारी र पुरुषलाई जन्मँदाखेरि प्रकृतिले नै भिन्न किसिमका अपरिवर्तनीय जैविक विशेषताहरू प्रदान गरेको हुन्छ । प्रकृतिले नै नारी र पुरुषको रूपमा वर्गीकृत गरी मान्छेलाई जन्म दिने गर्छ । प्रकृतिप्रदत्त जैविक भिन्नताकै आधारमा व्यवहारहरू सञ्चालित हुने गर्दछन् । प्रकृतिले प्रदान गरेको जैविक विभेदलाई परिवर्तन गर्न सकिन्न तर समाजमा जन्मिसकेपछि नारी र पुरुषका बिचमा समाजले नै तिनलाई जुन भूमिका प्रदान गर्दछ, त्यसैमा लैङ्गिक भेद देखिन्छ । त्यसैले लैङ्गिक भेद सिर्जना गर्ने काम समाजले गरेको हुन्छ ।

लैङ्गिक भेदले समाजमा नराम्रो असर पारेको छ । त्यसैले लैङ्गिक समानताका नाराहरू आज चर्को रूपमा उठ्न थालेका छन् । लैङ्गिक समानता भए मात्र परिवार, समाज र राष्ट्रको समुन्नति हुन सक्ने कुरामा जोड दिन थालिएको छ । वास्तवमा लैङ्गिक समानतासँगै लैङ्गिक समता हुनु पनि त्यत्तिकै वाञ्छनीय देखिन्छ । कानुन, संविधान र नीति-नियमहरूमा तथा तिनका धारा र दफाहरूमा नारी र पुरुषका असमान व्यवहार नगर्ने भनी उल्लेख हुनु लैङ्गिक समानता हो भने नैसर्गिक, भावनात्मक र व्यावसायिक रूपले नारी र पुरुषका बिच न्याय, निष्पक्षता वा उचित व्यवहार देखाउनु लैङ्गिक समानता हो । ऐन, कानुनमा उल्लेख भए पनि त्यसलाई भावनात्मक र व्यावसायिक रूपले व्यवहारमा नउतारुन्जेल लैङ्गिक समताको कल्पना गर्न सकिन्न ।

लैङ्गिक समानताका माध्यमबाट नारी जातिप्रति गरिने भेदभाव समाप्त हुन सक्छ । नेपालकै सन्दर्भमा भन्दा नारी र पुरुषबिच भेदभाव देखाउने ऐन, कानुन यद्यापि छँदै छन् । पैतृक सम्पत्तिमा छोरासरह छोरीलाई अधिकार प्रदान गरिएको छैन । सामाजिक व्यवहारमा पनि छोराछोरीका बिच गरिने भेद स्पष्टै देख्न सकिन्छ । अत: लैङ्गिक समानता नभएसम्म नारीले भेदभावको सिकार बन्नुपर्ने हुन्छ । लैङ्गिक समानताका लागि सर्वप्रथम नारीहरूलाई अबला, अदना र कमजोर ठान्ने मनोवैज्ञानिक त्रुटिलाई सच्याउनुपर्छ । शिक्षाको अवसर समान हुनुपर्छ । समाजमा लैङ्गिक विभेदको औचित्यबारे चेतना जगाउने, आयआर्जनका अवसरहरू प्रदान गर्ने, घर परिवारमा लैङ्गिक मैत्री वातावरण कायम गर्ने जस्ता कर्महरू गर्न सके र तदनुरूपको आचरण तथा व्यवहारमा रूपान्तरित गरेमा लैङ्गिक समता समाजमा कायम हुन सक्ने कुरामा द्विविधा रहन्न ।

❑❑❑

puspas.com.np

puspas.com.np

## THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.